# बि.डि.ए.ईरा स्मृति छात्रवृत्ति अक्षयकोष

## संझौता पत्र - २०७८

बि.डि.ए. इरा स्मृति छात्रवृत्ति अक्षयकोषको स्थापना,सञ्चालन गर्ने कार्यविधि एवम् सम्झौता पत्र

प्रस्थापना :

ब्लड डोनर्स अफ अमेरिका (बि.डि.ए.) का आजीवन सदस्य, तत्कालीन केन्द्रीय समितिका सदस्य(२०१८-२०२१) तथा प्रकाशन समितिका इन्चार्ज एवम् समाजसेवी रक्तदाता स्वर्गीय इरा आचार्यको सम्मानमा तथा उहाँले रक्तदानको माध्यमबाट समाजमा पुऱ्याउनु भएको सेवालाई उच्च मूल्याङ्कन गर्दै ब्लड डोनर्स अफ अमेरिकाले बि.डि.ए. इरा स्मृति छात्रवृत्ति अक्षयकोषको स्थापना गरेको छ । भविष्यमा वास्तविक समाजसेवीहरु अमर बनून् र उहाँहरुको समाजसेवा चिरस्थायी रहोस् भन्ने उद्देश्य राखी यस अक्षयकोषको स्थापना गरिएको छ.। यस कोषको स्थापना र सञ्चालन कार्यविधि समग्र विषयलाई जम्मा दुई खण्डमा विभाजन गरी तपसिल बमोजिम हुने व्यवस्था मिलाइएको छ ।

क) बि.डि.ए. इरा छात्रवृति अक्षयकोषको स्थापना :

- यो कोषको मूल रकम नेपाली रुपैयाँ ५,००,००० । (पाँचलाख) को हुनेछ ।
- यो कोषको स्रोत बि.डि.ए.का सदस्यहरु , समाजसेवीहरु, तथा अन्य इच्छुक महानुभावहरुबाट दान गरिएको इच्छित रकम रहेको छ ।

ख) बि.डि.ए. इरा स्मृति छात्रवृत्ति अक्षयकोषको सञ्चालन कार्यविधि :

- प्रस्थापनामा उल्लेखित उद्देश्य प्राप्त गर्ने गरी यो कोषको सञ्चालन गरिने छ । त्यसका लागि भरतपुर महानगरपालिका वडा नं. २७ मेघौली चितवन नेपाल स्थित श्री जानकी माध्यमिक विद्यालयसँग बि.डि.ए.ले लिखित सम्झौता गर्नेछ ।
- बि.डि.ए.को तर्फबाट बि.डि.ए. अध्यक्ष र श्री जानकी माध्यमिक विद्यालयको तर्फबाट प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको सम्झौतापत्रमा दस्तखत पश्चात् यो सम्झौता पूर्ण रुपमा क्रियाशील हुनेछ ।
- उक्त सम्झौताका विषयहरु, सर्त,सहमति र विस्तृत कार्यविधि तपसिलमा उल्लेख भए बमोजिम हुनेछन् ।

सर्त, सहमति र कार्यविधि :

१) ब्लड डोनर्स अफ अमेरिका र श्री जानकी माध्यमिक विद्यालय भरतपुर बिच आज मिति २०७८/०५/०१ मा बि.डि.ए. इरा स्मृति छात्रवृति अक्षयकोष स्थापना र सञ्चालन गर्न सहमति भयौं । उक्त कोषको सञ्चालन तपसिल बमोजिमको शर्त र सहमति बमोजिम हुनेछ ।

२) भरतपुर महानगरपालिका वडा नम्बर २७ मेघौली चितवन नेपालस्थित श्री जानकी माध्यमिक विद्यालयमा २०७८/०५/०१ देखि बिडिए इरा स्मृति छात्रवृत्ति अक्षयकोषको स्थापना गरिनेछ ।

३) उक्त अक्षयकोषको लागि ब्लड डोनर्स अफ अमेरिकाले नेपाली रुपैयाँ ५,००,०००।
(पाँचलाख) उपलब्ध गराउनेछ ।

४) उक्त अक्षयकोषबाट वार्षिक रुपमा प्राप्त हुने ब्याज रकमबाट छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

५) यस कोषको रकम मेघौली चितवन स्थित मेगा बैङ्कको खातामा जम्मा गरिनेछ । विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट संयुक्त रुपमा खाताको सञ्चालन हुनेछ ।

६) यस कोषको ब्याज रकमबाट वार्षिक रुपमा एस.ई.ई. परीक्षामा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थी एकजना र विपन्न परिवारका जेहेनदार विद्यार्थीहरुमध्ये कम्तीमा एकजना छात्रासहित दुईजना गरी तीन जना विद्यार्थीलाई दामासाही रुपमा छात्रवृत्ति रकम प्रदान गरिनेछ ।

७) विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा माध्यमिक विद्यालय स्तरका वरिष्ठ शिक्षक एकजना सहित तीन जनाको विद्यार्थी छनोट समिती बन्नेछ । उक्त छनोट समितिले नै विद्यार्थी छनोट कार्यविधि बनाउनेछ ।

८) कार्यविधि अनुसार छनौट गरिएका तीनजना विद्यार्थीको नाम ब्लड डोनर्स अफ अमेरिकालाई जानकारी गराई सहमति पश्चात मात्र छात्रवृत्ति रकम वितरण गरिनेछ ।

९) प्रत्येक वर्ष विश्व रक्तदान दिवस एवम् बि.डि.ए स्थापना दिवस जुन १४ का दिन रक्तदान कार्यक्रम आयोजना गरी सोही अवसरमा छात्रवृत्ति रकम हस्तान्तरण गरिनेछ ।

१०) रक्तदान कार्यक्रममा सम्भव भएसम्म बि.डि.ए. अमेरिकाका प्रतिनिधि ब्लोदान नेपाल तथा नेपाल रेडकस सोसाइटी जस्ता रक्तदानसँग सम्बन्धित स्थानीय संस्थाका प्रतिनिधिहरुलाई पनि आमन्त्रण गरिनेछ ।

११) रक्तदान कार्यक्रमको सम्पूर्ण खर्च विद्यालय स्वयम्ले नै व्यवस्था गर्नुपर्नेछ ।

१२) छात्रवृत्ति वापत उपलब्ध गराइने रकम विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयुक्त हस्ताक्षरबाट निकाल्न सकिने भए पनि अक्षयकोषको मूलधनलाई अर्को बैङ्कमा सार्न थपघट गर्न अथवा कुनै कारणवश खाता बन्द गर्नुपरेमा ब्लड डोनर्स अफ अमेरिकाको लिखित स्वीकृति अनिवार्य आवश्यक पर्नेछ । बि.डि.ए. अमेरिकाको लिखित स्वीकृतिबिना मूलधन चलाइनेछैन ।

१३) यस सम्झौताका बुँदाहरु थपघट वा परिवर्तन गर्नुपरेमा ब्लड डोनर्स अफ अमेरिका , प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको आपसी समभदारी अनि सहमतिमा गर्न सकिनेछ ।

१४) यस अक्षयकोष परियोजनालाई सफल पार्न तथा यसको संरक्षण गर्न स्वं. इरा आचार्य परिवारको तर्फबाट उहाँको श्रीमान् बैकुण्ठ आचार्य संरक्षक रहनुहुनेछ । त्यसै गरी बि.डि.ए. अमेरिकाको तर्फबाट बि.डि.ए. अमेरिकाका निवर्तमान अध्यक्ष तथा प्रमुख सल्हाकार एवम् श्री जानकी माध्यमिक विद्यालयका भूतपूर्व विद्यार्थी तथा अभिभावक डा. नन्दलाल रेग्मी (चितवन हाल अमेरिका ) प्रमुख संरक्षकका रुपमा रहनु हुनेछ ।

विद्यालयको तर्फबाट

..........................

राम बहादुर भण्डारी
अध्यक्ष बि.व्य.स

..........................

दुर्गा प्रसाद सापकोटा
प्र.अ. जानकी मा.वि. मेघौली

बि.डि.ए. अमेरिकाको तर्फबाट

..........................

डा.लीलाराज दाहाल
अध्यक्ष बि.डि.ए. अमेरिका

Aug 24, 2021

..........................

डा. नन्दलाल रेग्मी
प्रमुख संरक्षक बि.डि.ए.ईरा स्मृति अक्षयकोष